# परिशिष्ट ख

## पहिलो अङ्कका सम्पादकीयहरू[१९]

पत्रपत्रिकाका माध्यमबाट सूचनाको प्रसारका साथसाथै जनचेतना अभिवृद्धि, शिक्षा, मनोरञ्जन र उत्प्रेरणा प्रदान गर्ने कार्य त हुने नै गर्छ । त्यसका अतिरिक्त सबैका केही न केही निश्चित उद्देश्य पनि हुन्छन् । ती उद्देश्यहरू के थिए त? यसको जानकारीका लागि पत्रपत्रिकाको पहिलो अङ्कको सम्पादकीय उपयोगी हुने हुनाले यहाँ भएसम्म मोरङका पत्रपत्रिकाको पहिलो अङ्कको सम्पादकीयको केही अंश दिइएको छ । यी अंशले पत्रपत्रिकाका उद्देश्य मात्र नबताएर तत्कालीन स्थिति र परिवेशबारे पनि केही जानकारी दिन्छ । साथै ती पत्रिकाहरू आफ्ना घोषित उद्देश्यमा सफल भए-भएनन् अथवा ती केवल नाराका रूपमा मात्र थिए, त्यसबारे निर्णय गर्न पनि यसबाट सहयोग पुग्छ । पहिलो अङ्कमा पत्रिकाको उद्देश्य स्पष्ट नगरिएको भए अरू कुनै अङ्कबाट पनि सम्पादकीय उद्धृत गरिएका छन् । कतिपय पत्रिकाका सम्पादकीयभन्दा प्रकाशकीय महत्त्वपूर्ण भएकाले त्यसलाई पनि यहाँ समावेश गरिएको छ । समाचार पत्रका सम्पादकीयहरू यो परिशिष्टमा र साहित्यिक र अन्य पत्रिकाका सम्पादकीयहरू परिशिष्ट ग मा दिइएका छन् ।

**दैनिक**

***फिलिंगो*** - नेपाली राजनीतिको स्वतन्त्र विवेचना गर्ने खालका समाचारपत्रको त औधी नै खाँचो छ। दलगत स्वार्थमा मुछिएको समाचारपत्रले कहिल्यै पनि निष्पक्षताको प्रतिपादन गर्न सक्तैन । ...काठमाण्डुलाई नै नेपाल सम्झने मनोवृत्तिले गर्दा हो कि किन हो, राजधानीबाट प्रकाशित भैरहेका दैनिक पत्रहरूले मुलुकका अरू भेगहरूको उस्तो पुल्को दिएको देखिएन......(१ मङ्सिर २०१४) ।

***घटना*** - नेपाली पत्रपत्रिकाहरूमा स्वच्छ आलोचनाको अभाव त्यसै समयदेखि नै थियो, जुन समयदेखि नेपालमा पत्रपत्रिकाहरूको प्रकाशन हुन थालेको थियो । ...अन्ध समर्थन या उग्र विरोध नै नेपाली पत्रपत्रिकाहरूको मुख्य लक्ष्य थियो र अझै पनि त्यही भावनाले नै घर बनाएको छ। ...यहाँका शिक्षित

---

[१९] प्रस्तुत सम्पादकीयहरू पत्रिकाको प्रकाशन मितिअनुसारको क्रममा राखिएको छ ।

तथा कर्मठ नागरिकहरूले सहयोग दिएको खण्डमा दैनिक *घटना*ले एउटा नयाँ तथा दीर्घ परम्परा बसाल्ने छ भन्ने कुरामा हामी दृढ छौं (२८ असोज २०१७)।

***नेपाल खबर*** - नेपालको परम्परा, राष्ट्र, राष्ट्रियता, देश, नरेश र जनताको सेवा गर्ने उद्देश्यले यो पत्रिकाको प्रकाशन सुरु गरिएको छ । खासगरी नेपाली साहित्य, संस्कृति र परम्परालाई माथि उठाउने यस पत्रिकाको मुख्य भूमिका रहनेछ (४ भाद्र २०३९) ।

***पंचशील*** - पत्रकार प्रकाशन प्रा.लि. संस्थाको प्रकाशकत्वमा यसको सम्पादनको गुरुत्तर दायित्व बोकेको लेखक तपाईहरूका लागि पुरानै र परिचित हो । आफ्नो २०।३० वर्षको पत्रकारिता अनुभवको आधारमा *पंचशील*ले अहिले ठूलठूलो गफ यसरी गर्छौं भन्ने प्रतिज्ञा गर्न सक्दैन । किनभने प्रतिश्रुत ती कुरा पूरा हुन अझै पत्रकारिताका धेरै आधारहरू पूरा भएका छैनन् । ...घटना संवाहन र विचार सम्प्रेषणको कार्यमा आजका सशक्त माध्यम पत्रपत्रिका नै हुन् र यसले तपाईंका तपाईंले भोगेका समाचार, घटना, सम्वाद र विचारहरूका यथाशक्ति सम्प्रसारण नै गर्ने छ । ...यसका लागि जतिजति तारतम्य मिल्दै जानेछन् त्यति-त्यति नै आकार-प्रकार, विधा र विषयमा स्तरीयकरण र विविधिकरण गरिने छ (१७ माघ २०४६) ।

***निष्कर्ष*** - सरकारी साधन र स्रोतबाट फस्टाएका पत्रपत्रिकाका तुलनामा निजी क्षेत्रका पत्रपत्रिकाले प्रशस्तै हुण्डरी र ठोक्कर खानु परिरहेको छ, तथापि जनताले निजी क्षेत्रका पत्रपत्रिकालाई जे जसरी स्वागत गर्न सकेका छन्, जनआकांक्षाको प्रबल स्वरूपलाई ठहर गर्ने अर्को दृष्टान्त छैन । सत्तासीन व्यक्तिहरूको फटाई र गैर जिम्मेवारी क्रियाकलाप एवं जनआकांक्षाको प्रबल मनसायलाई जस्ताको तस्तै चित्र उतारी एक चनाखो प्रहरी बनी जनभावनाकै सुरक्षा गर्ने पत्रकारिता क्षेत्र अत्यन्तै व्यापक छ र यसको जिम्मेवारी पनि असीमित नै छ । यस क्रममा हामीले संस्थागत रूपमा पत्रकारिताको अभ्यास गर्ने अठोट राखी राष्ट्र र राष्ट्रियताको सम्बर्द्धन गर्ने सानो प्रयासको निष्कर्षमा पुगेका छौं र यसको नामाकरण पनि *निष्कर्ष* नै रहन गयो । ...अन्याय, अत्याचार र फटाइँको प्रकोप अन्त गर्न एउटा आवाज हो *निष्कर्ष*। जनताको हरेक सुखदुःखमा सहभागिताको एउटा इन्क्लाब हो *निष्कर्ष* (२३ पुस २०४६) ।

***दैनिक खबर*** - नेपालको पत्रकारिताजगत सरकारी तवरले अवहेलित नै छ । सरकारले पत्रकारितालाई हालसम्म पनि संस्थागत गर्न सकिरहेको छैन । त्यस्तो संक्रमणकालमा पनि हामीले राष्ट्र, राष्ट्रियता, बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्रलाई आदर गर्दै देशका तमाम विकृतिहरूलाई जनतासामु उदाङ्गो बनाउने वचनबद्धताका साथ...वसन्त पंचमी दिनको साइतबाट दैनिक खबर प्रस्तुत गरेका छौं (२५ माघ २०४८) ।

***जनपक्ष*** - कांग्रेस, कम्युनिष्ट वा कुनै दल विशेषको पछि लागेर होइन, को बाट गाउँ, नगर र जिल्लाको विकास हुन्छ भन्ने चिन्तनको सर्वत्र आवश्यकता भैसकेको हामीले महसुस गरेका छौं (२५ वैशाख २०४९) ।

***दर्शन*** - *दर्शन* दैनिक विजयादशमी २०५९ को अवसरमा प्रकाशित हुन लागिरहेको कुरा सबैमा सहर्ष जानकारी गराउँदछौं । कुनै पनि शुभ कार्य शुभ दिनमा गर्ने हाम्रो परम्पराअनुसार यो दैनिक पनि विजयादशमीको शुभ अवसरमा विजयादशमीको सुरुको तेस्रो दिनमा प्रकाशन हुन गइरहेको छ । यस दैनिकले पाठकहरूको माया, ममता पाउने आशा राख्दै पाठकहरूको रुचिका सामग्री सत्य-तथ्य समाचार तथा घटनाहरूको तथ्यपरक विवरणसहित आउने प्रयास गर्ने छ (२३ असोज २०५९) ।

**साप्ताहिक**

***हुरी*** - जे जति पत्रपत्रिका निस्किए र निस्कदै छन् तिनीहरूमध्ये धेरैजसोको ग्राहक सङ्ख्याले ३०० टप्न सकेको छैन । एक-दुईवटा पत्रपत्रिका यस्ता छन् जसको ग्राहक सङ्ख्या बडो

मुश्किलले १००० पुगेको होला । यसका दुईवटा कारण हुन सक्दछन् । एउटा त पत्रपत्रिकाप्रति पाठकहरूको मनोमालिन्यता, दोस्रो- पत्रपत्रिकाले आम पाठकको हृदय ग्रहण गर्न नसक्ने असमर्थता । हामीले अगिल्लो भन्दा पछिल्लो भन्ने ठानेका छौं । हामी "हुरी" हौं, नेपालको कुभलो गर्ने व्यक्तिहरूलाई लछार्दै-पछार्दै मटियामेट पार्छौं (१३ मङ्सिर २०१२) ।

***उज्यालो*** - *उज्यालो*ले किन मुख देखाउनु पर्‍यो यसको जवाफ त आजसम्म भएको नेपाली खबरकागतको खाँचोले नै देला । ...विदेशी भाषामात्रै भाषा हो, विदेशी अखबार मात्रै अखबार हुन्, विदेशी संस्कृति मात्रै संस्कृति हो भनेर ता हामीले कसरी उंभो लाग्ने ? ...उज्यालोले आफूलाई "हुने बेलाको बाली" सम्झेको छ । हुन पनि कसैले यस्तो नौलो र काम लाग्ने कुरामा पनि सहयोग नदेला भन्ने प्रश्नै पो उठ्दैन । हामीले आफ्नो र विरानो अनि सब्ल्याँटो र बिब्ल्याँटोको आंतभ्यौ पाइसकेका छौं, यसैले यस कलिलो नउल विरुवे *उज्यालो*ले निस्से फग्रिन पाउनेछ (११ मङ्सिर २०१२) ।

***चेतना*** - हाम्रो देशमा आवश्यकता छ आत्मविश्वासको, आफ्नो कर्तब्यबोधको, पारस्परिक विश्वासको र उत्तरदायित्वपूर्ण नेतृत्वको-जसले नेपाली जनतालाई हमेशा चेतनशील राखोस् । त्यो बाटो हो - एकताको । म र मेरो, तँ र तेरो भन्ने भावनालाई र निजी मृगतृष्णालाई आउँदो प्रजातान्त्रिक वार्षिकीमा होमेर डढाउन सक्यौं र त्यसको खरानी आफ्नो निधारमा घसी अगाडि बढ्न खोज्यौं भने हामीले हामी कता ? भन्ने प्रश्नको उत्तर स्पष्ट निर्दिष्ट गर्न पाउने छौं (१८ माघ २०१२) ।

***आँधी*** - एउटा मामूली बहाना खोजेर जुन बहाना अवश्य नै निराधार थियो, एक हज्जार रूपैयाँ जमानत माग्यो । नेपालका कुनै अखबार पनि त्यत्ति सम्पन्न छैनन् कि सरकार जमानत माग्दै जावोस् र अखबारहरू दिँदै जाउन् । त्यस्तै हाल भयो *हुरी*को । त्यत्रो रकम जमानत मागेर सरकारले *हुरी*को हत्या गर्‍यो । यो हत्या नभए अरू के हो र? जे होस्, एक शहीद हुन्छ तर उ दुइटा क्रान्तिकारी छोडेर जान्छ । शहीद अमरज्योति हो जो कबै निभ्दैन । *हुरी*ले *आँधी* र *चेतना* छाडेर गयो । उसको पवित्र पाउबाट बनेको गोरेटोमा यी दुई साथीले कदापि घाँस उम्रिन दिने छैनन् । *हुरी*ले आफ्नो ज्यान फाल्यो अर्काको ज्यान जोगाउनलाई (८ माघ २०१२) ।

***विश्व-दर्शन*** - ३ वर्ष अघि *विश्व-दर्शन*ले पाठकहरूको सम्मुख सेवा गर्ने मौका पाएको थियो । ...आज नेपालको प्रत्येक कुनामा राष्ट्रभाषा, राष्ट्रिय संस्कृति र राष्ट्रियताको नारा बुलन्द भैरहेको छ । ...हाम्रो देश सानु छ तर हाम्रो दिल सानो छैन । आज हामीले यो नव वर्षको पुण्य मुहूर्तमा पुन नेपाल माताको सेवा गर्ने हेतुले एउटा छोटो प्रयास गरेका छौं (१ वैशाख २०१८) ।[२०]

***जनमत*** - सदिच्छा से प्रेरित एवं व्यक्तिगत द्वेष से बचकर प्रजातन्त्र के विकाशार्थ जो भी कदम किसी के द्वारा उठाया जाय, बिना किसी भेदभाव के *जनमत* उसे ग्रहण करेगी । प्रजातन्त्र का न कोई ठेकेदार हो सकता है न कोई अकेला इसके प्रहरी होने का दावा कर सकता है । अतएव, विभिन्न सैद्धान्तिक आधार पर सङ्गठित होकर, भिन्न-भिन्न रास्तों से ही सही राष्ट्रिय स्वार्थ एवं प्रजातन्त्र के विकास के लिए जितने भी कार्य हो रहे है *जनमत* उन्हें एक सूत्र मे समाचार के आधार पर लानें का भी पूरा प्रयत्न करेगी (१९ वैशाख २०१५) ।

---

[२०] यस पत्रिकाको पहिलो अङ्क २०१४ वैशाख १ गते प्रकाशित भएको हो र सम्पादकीय "नव वर्ष" बारे लेखिएको छ । यो पत्रिका २०१४ पुस १६ गते अङ्क १७ निस्की बन्द भएकोमा पुनः २०१८ वैशाख १ देखि प्रकाशन हुन थालेको देखिन्छ । यो सम्पादकीय सोही पुनर्प्रकाशित पहिलो अङ्क र क्रमबद्धताका हिसाबले अङ्क १८ बाट लिइएको हो ।

***जनवार्ता*** - यो साप्ताहिक पत्र लिई हामी तपाईंहरू समक्ष उपस्थित भएका छौं । हुन त हामीभन्दा अगाडि पनि *हुरी, आँधी, चेतना, विश्व-दर्शन, फिलिंगो* आदि समाचारपत्रहरू निस्के । *आँधी* र *चेतना* केही समयका लागि नियमित रूपमा निस्किरह्यो । *आँधी*ले सुचारुरूपले चली एउटा स्थान बनाइसकेको थियो । तर सञ्चालक महोदयको स्वेच्छाले गर्दा हो अथवा किन, त्यो पनि बन्द भएर गयो । फाटफुट *विश्वदर्शन* पनि देखापर्‍यो । एउटा अङ्क मात्र निस्केर बन्द हुने *राजहंस* पनि देखियो । बीचमा निकै जोशसाथ निस्केको *फिलिंगो* केही समयसम्म नियमित रूपमा निस्की अहिले अलमलिएजस्तो बुझिन्छ । यसरी दिगो गरेर कुनै पत्र पनि चलेन । कमी या अभाव नखट्की सो सरह सो अभावको पूर्ति-प्रक्रियास्वरूप *जनवार्ता* तपाईहरूको समक्ष बराबर पुग्न सकोस्- यो हाम्रो प्रयास हुनेछ (८ असार २०१५) ।

***निर्माण*** - अमेरिकाको आविष्कार, बिलायतको विचार र रुसको रमिताले रल्लिएका नेपाली जननेता भनाउँदाहरूले २००७ सालदेखि २०१७ सालसम्मको दश वर्षमा एकलाई अर्कासँग घृणा गर्न सिकाए, औंला ठडयाउन र मुख बङ्ग्याउन सिकाए र यस दश वर्षको पार्टी राजनीतिले हामी नेपालीलाई विध्वङ्शकारी विचार बाहेक केही दिन सकेन । ...हामी नेपाली नभई फलाना र चिलाना भयौं । निर्माणको बाटो कसैले पैल्याउन सकेन । ...आज निर्माणको बाटो खुलेको छ । सबै नेपालीले एक भई देशलाई प्रगतिको बाटोमा लैजाने बेला आएको छ । यस *निर्माण* पत्रिकाले नेपाल र नेपालीत्वको प्रतिनिधित्व गर्न अघि सर्ने धृष्टता गरेको छ (२३ माघ २०१८) ।

***कोसेली*** - ...नेपालमा पत्रपत्रिका निकै भएर पनि धेरै छैनन्, जहाँ छन्, त्यहाँ धेरै छन्, जहाँ छैनन् त्यहाँ पुग्नै सक्तैनन्, अथवा छैनन् पनि... । विदेशी पत्रपत्रिकाले प्रशस्त प्रचार पाएको विराटनगरजस्तो शहरमा धरि नेपाली पत्रपत्रिका र यसको प्रचार सङ्ख्या हेर्ने हो भने चुप लाग्ने स्थिति छैन । चुप लागेर बस्ने या खुइय मात्र गरेर पत्रकारिताको विस्तार गर्ने कुरा सम्भव हुँदैन । हामीले यो *कोसेली*को प्रकाशन भर्सक ता सबै वर्गको रुचिग्राह्य बनाउने र देश, नरेश र देशवासीको यस माध्यमद्वारा सेवा गर्ने अठोटले निकाल्न लागेका छौं । हामी ठूलठूला प्रतिज्ञा गरेर पछि असमर्थता देखाउनपट्टि जाँदैनौं । र हाललाई जस्तो सम्भव हुन्छ त्यस्तै आकार-प्रकारले निकाल्नसम्म संकल्प सबैसँग अनुरोध गर्न चाहन्छौं । हामीसँग शिल्प, अर्थ र विषय ज्ञानका पनि निकै कमीहरू छन् तर चोखो आकांक्षा भने अवश्य छ (२४ कात्तिक २०२६, प्रकाशकीय) ।

***पुष्पाञ्जली*** - देशमा हाल देखापरेको नयाँ चेहराका पत्रपत्रिकालाई हेर्दा देशमा सञ्चारको माध्यममा भरखरै आंशिक रूपमा विकासको क्रममा अगाडि बढ्न लागिरहेको छ । जति पत्रिका प्रकाशित हुन्छन् त्यति नै यो श्री ५ को सरकारले हतियार प्रयोग गरी तिनीहरूको गला रेट्न पनि पछि हटेको छैन । एकातिर पत्रपत्रिकामा यो छ भने अर्कातिर मोफसलका पत्रपत्रिकालाई जीवित रहन निकै कठिनाई परिरहेको छ । मोफसलको पत्रपत्रिकाको रूपमा हाम्रो *पुष्पाञ्जली* पत्रिका पनि हामीले हाम्रा पाठकसमक्ष ल्याएका छौं । देशमा घटेका घटित कुराहरूलाई हामीले निष्पक्ष र निर्भीक रूपमा सधैं नै तपाईंहरूसमक्ष यस पत्रिकाको माध्यमबाट हामीले ल्याउने अठोट लिएका पनि छौं । देशमा घटेका घटनालाई निष्पक्ष रूपमा ल्याउनु हाम्रो पत्रकारिताको परम कर्तव्य रहनेछ (९ असोज २०३९) ।

***जनजीवन*** - राजमुकुट, राष्ट्रियता र प्रजातन्त्रमा पूर्ण समर्पणको भावना लिई मुलुकको वर्तमान परिप्रेक्ष्यमा झण्डै-झण्डै काठमाडौंको हाराहारीमा आउने विराटनगरबाट पनि अरू एउटा समाचारप्रधान साप्ताहिक पत्रिकाको प्रकाशनबाट देशका प्रतिभा, नयाँ जाँगर र उत्साहका प्रतीक युवा वर्गलाई अगाडि ल्याउने र जनपक्षीय ग्रामीण समाचारहरूलाई पनि प्रश्रय दिने आकांक्षा बोकेर *जनजीवन* साप्ताहिक पत्रिकाको प्रकाशन आरम्भ गर्दैछौं ।

स्वतन्त्र, निष्पक्ष र स्वस्थ पत्रकारिताको मर्यादा अन्तर्गत् मनोरञ्जनसहित जनउपयोगी सामग्री दिने *जनजीवन*को ध्येय रहेको छ (११ असोज २०३९) ।
***युगदर्पण*** - आफ्ना समकालीन प्रकाशनहरूको हाराहारीमा यो *युगदर्पण* पनि उभिन आएको छ । यसमा प्रकाशित सामग्रीहरूको चयन र राष्ट्रिय दायित्वलाई निर्भीकतापूर्वक अघि सार्ने प्रयत्नबाट पत्रका उद्देश्यहरू स्पष्ट हुँदै जानेछन् भन्ने हामीलाई लागेको छ । *युगदर्पण*मा युगले अनुहार देखाउने छ र हामी आफ्नो देशले भोगिरहेको, बिताइरहेको समयलाई यसमा अभिलेख गर्नेछौं, दस्तावेज राख्ने छौं, प्रकाशन गर्नेछौं र आशा गर्दछौं- यो एउटा ऐतिहासिक क्रम हुनेछ (१५ असोज २०३९) ।
***शुक्रबार*** - राष्ट्र र राष्ट्रियतालाई सर्वोपरी राखेर स्वस्थ र स्वच्छ पत्रकारिताको माध्यमद्वारा समाजलाई आफ्नो तर्फबाट योगदान पुऱ्याएनु हाम्रो एकमात्र ध्येय हो । निश्चय पनि यसको निम्ति समाजमा देखिने विकृतिहरूको विरुद्ध हामीले हिड्ने बाटो सङ्घर्षपूर्ण छ । हाम्रा अति महत्त्वपूर्ण अङ्ग हाम्रा पाठकहरूले हामीलाई स्वीकारेमा र हाम्रो सङ्घर्षमा साथ दिएमा हाम्रो हिंडाई गतिपूर्ण हुने कुरामा हामी निश्चित छौं (३० पुस २०३९) ।
***नेपाल दर्शन*** - मानिसको यो अनन्त विजय अभियानभित्र कलमले खेलेको भूमिका निक्कै माथिल्लो दर्जामा आउँछ । यौटा असल पुस्तक मानिसको सबभन्दा ठूलो साथी कहलाउँछ । संक्षेपमा भन्ने हो भने शिक्षा नै मानव सार्थकताको मूल आधार भएको छ । यसै क्रममा पत्रपत्रिकाले निर्वाह गरेको आफ्नो दायित्व कम मूल्यवान छैन । पत्रकारिताको क्षेत्रमा विश्व परिप्रेक्ष्यबाट हेर्दा हामी ज्ञान-विज्ञानलगायत यान्त्रिक पक्षमा पनि निकै दसर्बल छौं । तापनि बालखको तोतेबेली पनि मीठै हुन्छ भन्ने हामीलाई लागेको हुँदा आफ्नो आन्तरिक अभ्यर्थनाको प्रेरणावश प्रकाशनको दुष्कर कार्यतिर हामी अग्रसर भएका छौं ।

केही महिना अघि नै *नेपाल दर्शन*को प्रकाशन गर्ने इच्छा रहे पनि प्रकाशनको आन्तरिक प्रकृयाको फड्को पार गर्दा फाल्गुण ६, ७ र ८ गते मनाइने श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ मुहूर्त यसको भाग्यमा पर्न आयो जसमा हामीलाई अतीव प्रसन्नता छ भने छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली, २०४० को तीखो टुप्पो पनि हाम्रो किलकिलेमा छ । अङ्कुश र बन्देज स्वभावैले अग्रसरतातिरका तगारा हुन् यो नियमावलीद्वारा हिजोको सुविधामा थप सहुलियतको सट्टा झन् अवरोध तेर्स्याइन्छन् र आर्थिक भार लादिन्छन् भने पत्रकारिताको दायरा पनि संकुचित भएको हामी अनुभव गर्दछौं । यो नियमावली न त पुरस्कारतिर औ न त विज्ञापनतिर नै उदार छ । ५० हजारको बैंक ग्यारेण्टी र अन्य दस्तुरले पनि हनुमानको फड्को पाइला चालेको छ । न्यूजप्रिन्ट र बिजुलीकै ठेगान नभएको ठाउँमा अहिलेको सङ्ख्या निर्धारणले पनि पत्रकारितालाई अवरुद्ध गर्छ (८ फागुन २०४०) ।
***प्रलेख*** - पत्रकारिता क्षेत्रमा एकपल्ट फेरि *प्रलेख* साप्ताहिक लिएर उपस्थित भएका छौं । हामीले कुनै पनि विषयमा बहुसंख्यक जनताको स्वार्थको निम्ति लेखिनु पर्छ भन्ने धारणा लिएका छौं । यस अठोटको खाका *अभिवादन*देखि *प्रलेख*सम्मको बहावमा त्यसै धारणा र मान्यतालाई रोपेका छौं । ...यसै प्रसङ्गमा हामी भन्छौं, प्रगतिवादी दर्शनप्रति आदरपूर्ण सम्मान गर्छौं । यसका साथै हामी स्पष्ट भन्छौं हामी कुनै पनि प्रतिबन्धित पार्टीप्रति सम्बन्धित छैनौं । हामी कुनै पनि समूहको प्रचार-प्रसार मञ्च होइनौं । कसैको मुखपत्र पनि होइनौं । हामी निष्पक्ष निष्कलंक पूर्वाग्रह रहित भएर पत्रकारिता पेशाप्रति निष्ठापूर्वक हुनु एउटा नैतिक जिम्मेबार ठान्छौं । ...पत्रकारिता जहिले पनि नदीको पानी जस्तै कलकल, झरना जस्तै निश्छल हुनु पर्छ । यस धारणा र मान्यतालाई जहिले पनि आदरपूर्ण अभिवादन पस्किँदै आएका छौं । अन्तमा हातेमालो गरेर मुलुकको सार्वभौमिक स्वतन्त्रताको जगलाई मजबुत बनाउन हामी आफ्नो पत्रकारिता क्षेत्रबाट आफ्नो बुता बर्कतले भ्याएसम्म

बहुसंख्यक जनताको स्वार्थका निम्ति हाम्रो निवको टुडोलाई उद्याउन, अझ तेजिलो धारका निम्ति विभिन्न क्षेत्रका सहकर्मीको सधैं अपेक्षा राखेका छौं (२ कात्तिक २०४६) ।

***मोरङ*** - जनताका सुखदुःखका कुराहरूलाई एक स्थानबाट अर्को चाहे सुगम होस् चाहे दुर्गम, सही कुरालाई यस *मोरङ साप्ताहिक* पत्रिकाको माध्यमबाट जनतासामु सजिलै पुऱ्याई दिने दिशामा *मोरङ साप्ताहिक* परिवार सदा तल्लीन रहने आफ्नो कर्तब्य ठान्दछ । ...*मोरङ साप्ताहिक*ले आफ्ना राष्ट्रवादी नीति र अडानलाई कायमै राख्नेछ (२२ पुस २०४६) ।

***विराट नेशनल टाइम्स*** - वि.सं. २०४३ मोतीराम भट्टको सम्पादनमा बनारसबाट प्रकाशित *गोरखा-भारत जीवन* नामक मासिकबाट सुरु भएको नेपाली पत्रकारिताको विकास *सुधासागर* र *गोरखापत्र* हुँदै आज *दैनिक लोकपत्र*सम्म आइपुगेको छ । ....पत्रकारिताको यस विकास क्रममा सँधै नै सुगम दिनहरू आएनन् होला । तर जस्तोसुकै विषम परिस्थिति सिर्जना भए पनि पत्रकारिताको विकास क्रम निरन्तर रूपले चल्दै नै गयो । ....यसै कारणले होला धेरै राजनेताहरूले नेपालमा ०४६ सालपछि देखिएका परिवर्तनहरूमा पत्रकार जगतको अहम् भूमिका भएको कुरा उल्लेख गर्दै आएका छन् । २०४६ सालपछि देखा परेको यही परिवर्तनबाट उत्साहित भएर नै होला अहिले पत्रपत्रिकाका प्रशस्त प्रकाशनहरू बजारमा छन् । हामी पनि यस अङ्कदेखि त्यही बजारमा प्रवेश गर्ने छौं । तर हाम्रो उद्देश्य भनेको बजारमा एउटा नयाँ पत्रिकाको सङ्ख्या वृद्धि गर्नु होइन । हाम्रो प्रयास भनेको मोफसलबाट पनि स्तरीय र राष्ट्रिय समाचार प्रकाशित हुनसक्छ ....भनेर प्रमाणित गर्नु हो (११ फागुन २०५२) ।

***मनोकामना टाइम्स*** - पत्रकारिता मुलुकको चौथो अङ्गको रूपमा प्रतिष्ठापित पेशा हो । देश-विदेशमा भएका घटना तथा गतिविधिहरूको विषयमा आम जनमानसमा सत्य, तथ्य, स्वतन्त्र र निष्पक्ष रूपमा सुसूचित गर्नु यसको धर्म हो । यही धर्मलाई निर्वाह गर्ने मूलभूत उद्देश्यले हामीले मोफसलबाट *मनोकामना टाइम्स*को साप्ताहिक प्रकाशन सुरु गरेका छौं ।

पत्रकारिता बेला-बेला राजनीतिक पार्टी विशेषको पुच्छर, मागी खाने कमण्डलु एवं शान र मान देखाउने पेशाको रूपमा प्रयोग गरिएको आरोप यदाकदा सुनिने गरिन्छ । पत्रकारिताभित्र यस्तो प्रवृत्तिको प्रवेश किमार्थ राम्रो होइन । हामीले पत्रकारिताभित्रका विकृति, विसङ्गति र बेइज्जतिका कुराहरूलाई चिर्दै पत्रकारिताको सही पहिचान गराउने अठोटका साथ यो सुरुआत गरेक छौं । यसको उन्नति, प्रगति र जीवन्तताको लागि आम पाठकवृन्दको तीतो-मीठो सुझाव, सरसल्लाह र सद्भाव आवश्यक पर्ने हुन्छ । अर्थात् यो हाम्रो प्रयास पाठकवृन्दको बीचमा फ्याँकिदिएका छौं, जसलाई स्थापित बनाउने जिम्मा तपाईहरूमै (२५ वैशाख २०५४) ।

***श्रीजनमत*** - ...भ्रष्टाचार, महंगी, आतंक, अराजकताले नेपाली जनताको श्वास प्रश्वास नै अवरुद्ध हुन पुगेको छ । गाउँघरमा कुन अवस्था गुज्रिरहेको छ, जनप्रतिनिधिहरूलाई फर्केर हेर्ने कुनै चासो छैन । जनप्रतिनिधिलाई महानगरपालिकामा एउटा अट्टालिका (महल), एउटा विदेशी चिप्लो कार, भौतिक सुख, सुविधा, पुस्तौंपुस्ता पुग्ने धनदौलतको प्राप्ति भएपछि जनतासँग कुनै सम्पर्क नै नहुने भयो । जनप्रतिनिधिको चुनावको समयमा रूपैया बाँड्छु र पुनः चुनाव जिती जनप्रतिनिधि बन्छु भन्ने मानसिकताको उपज भएको पाइन्छ । स्वेतग्रिवी अपराधको वृद्धि भएको छ । यसबाट बहुदलीय व्यवस्थाको बदनाम गरी प्रजातन्त्रको घाँटी निमोठ्ने कार्य नहोला भन्न सकिन्न । नेपाली जनताको हातबाट पुनः प्रजातन्त्र गुम्ने खतरा जन्मिएको महशूस हुन लागेको छ (१३ साउन २०५४) ।

***ज्योतिष भविष्यवाणी*** - समाजका प्रत्येक घटनाको पछाडि ज्योतिषीय छानवीन गरी प्रत्येक घटनाको पछाडिको कारण र परिणाम एवं खराब घटनाबाट बच्ने उपायहरू समेतको खुराक लिई साप्ताहिक *ज्योतिष भविष्यवाणी* यहाँहरूको माझ आइपुगेको छ । यदि यहाँहरूको चिनो

बनाउने र हेराउने कामप्रति माया ममता भएजस्तै यो पत्रिकाप्रति पनि माया ममता रहँदै गयो भने ज्योतिष विज्ञानको जागरण हुने कुरामा दुइमत छैन (१४ पुस २०५५) ।

***श्रीचाणक्य*** - *श्रीचाणक्य*को प्रारम्भिक अङ्क तपाईंको हातमा छ । आगामी दिनहरूमा नियमित रूपमा चाणक्यका व्यवहारोपयोगी मार्गदर्शनलाई अवलम्बन गर्दै निर्भीकता एवं निष्पक्षताका साथ विविध क्षेत्रमा घटेका राष्ट्रिय अन्तर्राष्ट्रिय घटना एवं समाचारद्वारा सूचीत गराउने प्रण गर्दै विशुद्ध समाचारहरूको संरक्षण र व्यावसायिक पत्रकारिताको विकासले मात्र पत्रकारितालाई निर्भीक, निष्पक्ष स्वतन्त्र र पारदर्शीपूर्ण बनाउन सकिने भएको हुँदा तपाईंका अमूल्य सुझाव सल्लाह एवं लेख, रचना व्यावसायिक विज्ञापन दिई पत्रकारिताको अभिवृद्धि निम्ति टेवा पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा गरिएको छ (९ साउन २०५६) ।

***राष्ट्रिय नेपाल टाइम्स*** - आज समाज जर्जर र कठिन अवस्थाबाट गुज्रदैंछ । सिङ्गो राष्ट्र भय र त्रासको जंजालमा लपेटिएको छ । ...राष्ट्र कमजोर भएको छ, जनता-जनतामा एकताको अभाव छ । यस्तो कठिन र चुनौतीपूर्ण घडीमा पत्रकारिताको माध्यमबाट समाजको अग्रगतिको लागि केही गर्न सकिन्छ भनेर हामी अगाडि आएका छौं । पत्रकारिताको क्षेत्रमा डुबुल्की मार्नु त्यति सजिलो काम होइन । अझ यसलाई टिकाएर अगाडि बढ्नु उत्तिकै गाह्रो पनि छ । समाजप्रतिको उत्तरदायित्वपूर्ण पत्रकारिताको प्रतिस्पर्धामा खरो उत्रनु त्यति सजिलो हुंदैन तर पनि हामी दह्रो दृढ अठोट लिएर हामी कठिन यात्रामा निस्केका छौं । हामी समाजमा हुने गलत प्रवृत्तिविरुद्ध डटेर जुझ्नेछौं । ...अन्त्यमा जिम्मेवार र कर्तव्यनिष्ठ प्रेसको भूमिका पूरा गर्ने वचनबद्धता दोहोऱ्याउँदै प्रजातन्त्र, मानव अधिकार, सुशासन र न्यायपूर्ण समाजको निर्माणका निम्ति हाम्रो कलम सदैव क्रियाशील भइरहने विश्वास दिलाउँछौं (८ वैशाख २०५९) ।

***मैथिली दीप*** - भाषा, साहित्य तथा संस्कृति समृद्ध अछि, तैं नेपाली समाज आऽ नेपाल राष्ट्र सेहो समृद्ध अछि । अहि तरहँ समृद्धता निरन्तर रखवा मे नेपाली जनमानसक सक्रिय योगदान मानय पडत ।  चेतना न्यून एवं उल्लेखनीय विकासक अभाव रहितँह हमरालोकनिक पुरुखा समृद्ध राष्ट्र हमरा सभकँ दऽ गेल अछि । अत्यधिक भौतिक वादिता तथा विश्वव्यापी करणक सन्दर्भ में पूर्वजे जकाँ हमरासभ अपना राष्ट्रवादमे सुदृढ रहव तखनहि अपना संस्कृतिक सुरक्षा में निरन्तरता दऽ सकैत अछि । संस्कृति संरक्षणमे सरकारक सहयोगक आवश्यकता सेहो पडैछ । सरकारक सहयोग भेटय वा नहिं भेटय अगर समाज सक्षम अछि तऽ सांस्कृतिक अस्तित्वक सुरक्षामे कदापि अरर्चन नहिं पडत ई वात मानल अछि ( ५ असोज २०५९) ।

***आस्कमी*** - विराटनगरलाई औद्योगिक नगरीको रूपमा चिनिन्छ । औद्योगिक विकासको इतिहाससँगै विराटनगरको नाम जोडिएर आउँदछ । त्यसैले पनि विराटनगरमा आर्थिक क्षेत्रका गतिविधि प्राय भइरहन्छन् । तर तिनले आशातित चर्चा र महत्त्व पाउने गरेको छैन । धेरै उद्योगी व्यापारीहरूको गुनासो रहने गर्दछ कि अखबारले औद्योगिक क्षेत्रलाई खासै समेट्न सकेन । बढी राजनीतिक विषयमा मात्र अखबारहरू केन्द्रित भए । यस खालका गुनासाहरू हामीले पनि नसुनेका होइनौं । विराटनगरमा आर्थिक गतिविधि पर्याप्त हुने र ती सूचनाहरू जनस्तरसम्म पुऱ्याउने हाम्रो चाहनाअनुरूप यो आस्कमी साप्ताहिक पत्रिकाको प्रकाशन आरम्भ गरेका छौं ।

विराटनगरबाट धेरै खालका अखबारहरू प्रकाशन भए पनि आर्थिक क्षेत्रलाई समेट्ने अखबार नभएकाले *आस्कमी* साप्ताहिक त्यो आवश्यकता पूरा गर्न प्रतिबद्ध छ । उद्योग व्यापार व्यावसायका ठूला साना सबै खाले गतिविधिलाई हामी प्राथमिकता साथ महत्त्व दिने छौं । खासगरी सूचना एक अर्कालाई आदान प्रदान गर्ने कार्यमा लागि रहेको आस्कमी संस्थाले यो पत्रिका प्रकाशन गरेको छ । संस्थाको उद्देश्य नै आर्थिक क्षेत्रलाई सहयोग पुऱ्याउने भएकोले *आस्कमी* साप्ताहिक सोही दिशामा प्रयत्नशील भएर लाग्ने छौं (२ असार २०६०) ।

**पाक्षिक**

***नगर-प्रकाश*** - हिजोको नगरवासीको चैत्यन्यतामा भन्दा आजका नगरनिवासीहरूको चैत्यन्यतामा अभिवृद्धि भएकोले शहरको नवीनकरण गर्ने सम्बन्धमा पनि हिजोको विचार र अभावमा भन्दा आजको विचार र अभावमा अझ बढी तीब्रता आएको छ। यी सबै कुरालाई पूर्णरूपेण हल गरिने र हल गरिएका सबै शहरव्यापी देशव्यापी समस्या र समाधानहरू जनसमूहमा बोध गराउनका लागि यो *नगर-प्रकाश* प्रकाशनमा ल्याएको हो र वैज्ञानिक ढङ्ग र प्राविधिक दृष्टिकोणबाट शहरलाई नवीकरण गर्ने कुरामा द्रुतगति ल्याउनका लागि नगर जनसमूहमा र नगर पञ्चायतमा सामन्जस्यको अभाव नरहोस्, नगर पञ्चायतको उद्देश्य र योजनालाई नगरवासीहरूमा स्पष्ट बोध हुन सकोस् भन्ने समेत यसको उद्देश्य छ (पुसको दोस्रो पक्ष २०२४, दोस्रो अङ्कको सम्पादकीय)

***Asia Post*** - The Nepalese press has had a short history, but a history of struggles through which we are destine to journey, too. We believe in the freedom of press and freedom of speech and equal rights of the people irrespective of their caste, creed and sex (26 September 1982).

***स्वतन्त्र नेपाल*** - समाचार र विचारको क्षेत्रमा प्रवेश गरेको यस पत्रिकाले जनसमुदायबीच तथ्य र सत्य कुरालाई प्रकाशमा ल्याएर ठोस जनमत तयार गर्ने माध्यमको रूपमा आफ्नो भूमिका खेल्ने छ भन्ने दृढ विश्वासको साथै यस पत्रिकालाई पाठक वर्गको सामुन्ने प्रस्तुत गरिएको छ (कात्तिकको दोस्रो पक्ष २०३९) ।

***Richa Times*** – We have the pleasure to present the first issue of *Richa Times* in your hand. *Richa Times* is a symbolic representation of the ideals and ideologies of major section of the youth and the intelligentia of the Nepalese society. As it is a fortnightly magazine and we have faith in your ordent cooperation in our maiden endeavours. ...With all our sincere efforts we shall always try to mobilise opinions of the conscious world to oust the vast suffering of mankind. This is an attempt in the direction of the achievement of the fundamental human rights and the amelicration of the mankind in general (1 November 1982).

***पाक्षिक छहारी*** - कसैलाई होच्याउने र गाली गलौज गर्ने जस्ता सामग्रीहरू *छहारी*मा अटाउने छैनन् भन्ने विश्वास हामी प्रथम अङ्कमै दिन चाहन्छौं । *छहारी* कसैको पेवा र प्रचार सामग्री होइन यो त इतिहास बोकेको र तीनतीनवटा क्रान्तिगरेको नेपाली कांग्रेसको सहयोगी मात्रै हो । यसले नेपाली कांग्रेसका नीति, सिद्धान्त र कार्यक्रमहरूलाई प्रकाशनमा ल्याएर जानकारी दिने मात्रै काम गर्छ (२७ कात्तिक २०५२) ।

***जनपथ डायरी*** - नेपाली पत्रकारिताकै क्षेत्रबाट तस्करी, भ्रष्टाचारी नाफाखोरी जस्ता केहीले आफ्नो संरक्षणको पकट दह्रा भए जस्तो मानेका छन् । यस पेसामा सञ्चार मन्त्रालय सूचना विभागले कडा नीति नअपनाउँदा सबै पत्रकार हुँ भन्दै हिँड्छन्, यहाँ विभिन्न अपराधमा संलग्न अनागरिक खुफीया एजेन्सी पेसै थाहा नहुने समेत बेला बखत पत्रकार हुँ भन्न छाडेका छैनन् । यस्ता प्रेस पास नहुने पत्रकार भएर ठगी गर्नेलाई सूचना विभागले खोई कारबाही गरेको ? यो कुरा यहाँ उठाउँदा आफैंलाई लाज भएको छ। अन्त्यमा यहाँ त आउँछन् जान्छन् । तर कसैको खोजी हुँदैन भने झैँ को अवस्थामा हामी पनि यो *जनपथ डायरी* पाक्षिक पत्रिका लिएर लाईनमा समावेश भएका छौं (१ माघ २०५८) ।[२१]

---

[२१] पहिलो अङ्कमा प्रकाशन साल उल्लेख छैन, तर दर्ता नम्बर हेर्दा यो २०५८ साल नै हो ।

***सूचना र सञ्चार*** - हालसम्म १३७ भन्दा बढी पत्रपत्रिका दर्ता भै सञ्चालन भएता पनि विराटनगर उपमहानगरवासीहरूको खाँचो पुरा गर्ने खालको समाचारपत्र स्थापित हुन नसकी विराटनगरवासीहरूबीच एक किसिमको अभाव खड्केको महसुस गरी त्यो अभावलाई पुरा गर्ने उद्देश्यले स्थानीय तवरमा एउटा समाचार पत्रको प्रकाशन गरी जनमानसमा सहि समाचार सम्प्रेषण गरी पाठकहरूको दृश्य (हृदय) लाई जित्न सकिन्छ भन्ने उद्देश्यले *सूचना र सञ्चार* पाक्षिक समाचार पत्रको प्रकाशन गर्न लागेका छौं (माघ पहिलो पक्ष २०५८) ।

***बालकुराकानी*** - बालबालिकाहरूको बौद्धिक विकास, जिज्ञासु प्रवृत्ति तथा सृजनात्मक क्षमता अभिवृद्धि गराउनका लागि विभिन्न सन्दर्भसामग्रीहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यिनै सामग्री निर्माण गर्ने क्रममा हामीले *बालकुराकानी* पाक्षिक पहिलो अङ्कलाई पाठकसामु राखेका छौं । यसमा भएका लेख तथा रचनाहरू हामीले प्रायः बालबालिकाहरूकै समावेश गराउने प्रयास गरेका छौं । जसले गर्दा उनीहरूको सिर्जनात्मक क्षमतामा अभिवृद्धि हुनुका साथै विषयवस्तु सजिलै ग्रहण गर्न सक्छन् भन्ने कुरामा हामी विश्वस्त छौं । ...हामीले हाम्रो दैनिक जीवनमा ध्यान दिएर हेर्ने हो भने आफ्नै घरका केटाकेटीहरूले हामीलाई केही न केही सिकाइरहेका हुन्छन् । अझ कहिलेकाहीँ उनीहरूको जिज्ञासु प्रश्नले त हामीलाई अलमल्ल पारी दिन्छ र त्यसको उत्तर खोज्ने क्रममा हामीले नै अरू केही न केही कुराहरू सिक्न बाध्य हुनुपर्दछ (भदौ पहिलो पक्ष २०६०) ।

**मासिक**

***अभिवादन*** - *अभिवादन* समय परिस्थिति अनुसार आफ्नो वर्कतले भ्याएसम्म जनसमक्ष आफ्नो अभिव्यक्ति पोख्न प्रत्येक पल प्रयत्नशील रहन्छ र रहने छ। *अभिवादन*ले आफ्नो अभिव्यक्ति पोख्न विभिन्न स्तम्भ र विविध सामग्रीलाई अँगाल्ने छ। *अभिवादन*को अभिव्यक्तिमा देशप्रतिको माया पोख्न देशभक्तिको गीत हुन्छ भने देशको प्रगति र विकासका निम्ति शोषित पीडित बहुसंख्यक जनताको जीवन उठाउन जनजागरणको संगीत हुनेछ (पुस २०३५) ।

**द्वैमासिक**

***युवाआवाज*** - कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकासमा त्यस देशका युवाहरूको जोश, जाँगर र बौद्धिकता नै सर्वप्रमुख कुरा हुने तथ्य आजको समयमा दोहोऱ्याइरहनु पर्दैन । ...तर आज देशमा युवा वर्गलाई सही ढङ्गबाट विकासको काममा सहभागी बनाउन सकिएको महशूस हुँदैन । युवा शक्ति केवल अनुत्पादक काममा पसिरहेको छ । कुव्यसन, फेशन र ध्वङ्सात्मक विचारधारा बोकेर युवाहरू दिशाविहीन भएको लक्षण यदाकदा देखिन्छन् । यिनीहरूलाई उचित बाटोमा डोऱ्याउने काम सम्बन्धित सरकारी र गैरसरकारी दुबै क्षेत्रले गम्भीरतापूर्वक गर्नुपर्ने बेला आइसकेको छ (जेठ २०४०) ।